सफलताको चुम्बक– 'मिलन गर्नु र मोल्ड हुनु'

सबैको स्नेह, स्नेहको सागरमा समाहित छ। यसरी नै सदा स्नेहमा समाहित भएर अरूलाई पनि स्नेहको अनुभव गराउँदै जाऊ। बापदादाले सम्मेलनमा सर्व बच्चाहरूको विचार समान रूपमा मिलेको देखेर हर्षित भइरहनु भएको छ। उड्दै आउनेहरूलाई सदा उड्तीकलाको वरदान स्वत: प्राप्त भइरहन्छ। बापदादाले सबै आएका बच्चाहरूको उमंग-उत्साहलाई देखेर सबै बच्चाहरूमा स्नेहका फूलहरूको वर्षा गरिरहनु भएको छ। संकल्प समान बनाएर संस्कार पनि बाबा समान बनाएर मिल्नु– यो मिलन नै बाबासँगको मिलन हो। यही बाबा समान बन्नु हो। संकल्प, मिलन, संस्कार मिलन– यो मिलन गर्नु नै निर्माण बनेर निमित्त बन्नु हो। त्यसको समीप आइरहेका छौ र आउँछौ नै। सेवाको सफलताको निशानी देखेर हर्षित भइरहनु भएको छ। सदा स्नेहको लहर विश्वमा फैलाउनको लागि स्नेह मिलनमा आएका छौ। तर हरेक कुरामा चेरेटी बिगिन्स एट होम। पहिलो स्व हो– आफ्नो सबैभन्दा प्यारो घर। त्यसैले पहिला स्वसँग, अनि ब्राह्मण परिवारसँग, अनि फेरि विश्वसँग। हर संकल्पमा स्नेह, नि:स्वार्थ सच्चा स्नेह, दिलको स्नेह, हर संकल्पमा सहानुभूति, हर संकल्पमा रहमदिल, दातापनको स्वाभाविक स्वभाव बनोस्– यो हो स्नेह मिलन, संकल्प मिलन, विचार मिलन र संस्कार मिलन। सर्वको सहयोगको कार्य हुनु भन्दा पहिला सदा सर्वश्रेष्ठ ब्राह्मण आत्माहरूको सहयोगले विश्वलाई सहजै र स्वत: सहयोगी बनाउँछ त्यसैले सफलता पनि समीप आइरहेको छ। मिल्नु र मोडिनु– यही सफलताको चुम्बक हो। धेरै सजिलै यो चुम्बकको अगाडि सर्व आत्माहरू आकर्षित भएर आउनु नै छ!

मिटिङ्गमा आएका बच्चाहरूलाई पनि बापदादाले स्नेहको बधाई दिइरहनु भएको छ। समीप छौ र सदा समीप रहने छौ। केवल बाबासँग मात्र होइन, आपसमा पनि समीपताको भिजन (दृश्य) बापदादालाई देखायौ। विश्वलाई भिजन देखाउनु भन्दा पहिला बापदादाले देख्नु भयो। आएका तिमी सर्व बच्चाहरूको एक्शनलाई (कर्म) देखेर– कस्तो एक्शन गर्नु पर्छ, कस्तो हुनु पर्छ त्यो सजिलै बुझ्नेछन्। तिमीहरूहो एक्शन नै एक्शन-प्लान हो। अच्छा!

योजना सबै राम्रा बनाएका छौ। अरू पनि जसरी यो कार्य आरम्भ हुँदा बापदादाको विशेष इशारा वर्गीकरणलाई तयार गर्नुपर्ने थियो, जुन अहिले पनि गर्नु पर्नेछ। त्यसैले यस्तो लक्ष्य अवश्य राख– यो महान कार्यमा कुनै पनि वर्ग नछुटोस्। चाहे समय प्रमाण धेरै गर्न नसके पनि, प्रयत्न वा लक्ष्य यो अवश्य राख– नमुना अवश्य तयार होस्। बाँकी पछि यही कार्यलाई अरू बढाउँदै जानेछौ। त्यसैले समय प्रमाण गरिरहनु छ। तर समाप्तिलाई समीप ल्याउनको लागि सबैको सहयोग चाहिन्छ। तर यति सारा दुनियाँका आत्माहरूलाई एकै समयमा त सम्पर्कमा ल्याउन सकिँदैन, त्यसैले तिमीहरूले नशासँग भन्न मिलोस्– हामीले सर्व आत्माहरूलाई सर्व वर्गको आधारमा सहयोगी बनाएका छौं। जसबाट यो लक्ष्यले मात्र सर्वको कारणलाई पूरा गरिदिनेछ। हामीलाई त थाहा नै भएन के गरिरहनु भएको छ भन्ने, कुनै पनि वर्गको गुनासो नरहोस्। बीज रोप। बाँकी वृद्धि जस्तो समय मिल्छ, जसरी गर्न सक्छौ त्यति गर। यसमा कसरी गर्ने, कति गर्ने भनेर भारी हुनु छैन। जति हुनु पर्ने हो त्यति भई नै हाल्छ। जति गर्छौ त्यति सफलताको समीप आउँछौ। नमुना त तयार गर्न सक्छौ नि?

बाँकी जुन आफ्नो सरकारलाई समीप ल्याउने श्रेष्ठ संकल्प ल्याएका छौ, त्यसलाई समयले सर्वको बुद्धिलाई समीप ल्याइरहेको छ। त्यसैले सर्व ब्राह्मण आत्माहरूले यो विशेष कार्य अर्थ आरम्भदेखि अन्त्यसम्म विशेष शुद्ध संकल्प "सफलता हुनु नै छ" भन्ने गर्नु छ– यो शुद्ध संकल्पले र बाबा समान भाइब्रेशन बनाएर मिलाउँदै विजयको निश्चयको दृढताले अगाडि बढ्दै पनि जाऊ। तर जब कुनै ठूलो कार्य गरिन्छ, पहिला जसरी स्थूलमा देखेका छौ– कुनै पनि बोझ उठाउँदा के गर्छन्? सबै मिलेर अङ्गुली दिन्छन् र एक अर्कोलाई हिम्मत-उल्लास बढाउने बोली बोल्छन्। देखेका छौ नि! यसरी नै निमित्त कोही पनि बन्न सक्छ तर सदा यो विशेष कार्यको लागि सर्वको स्नेह, सर्वको सहयोग, सर्वको शक्तिको उमंग-उत्साहको भाइब्रेशनले नै कुम्भकरणहरूलाई निद्राबाट जगाउने छ। यो विशेष कार्यको लागि यो अटेन्शन भने आवश्यक छ। विशेष गरेर स्व, सर्व ब्राह्मण र विश्वका आत्माहरूको सहयोग लिनु नै सफलताको साधन हो। तर यसको बीचमा अलिकति पनि अन्तर पर्यो भने

सफलतामा पनि अन्तर ल्याउन निमित्त बन्न जान्छ। त्यसैले बापदादाले सबै बच्चाहरूको हिम्मतको आवाज सुनेर त्यही समयमा हर्षित हुनु भएको थियो र खासगरी संगठनको स्नेहको कारणले स्नेहको रिटर्न दिनको लागि आउनु भएको हो। धेरै राम्रा छौ र अनेक पटक राम्रा भन्दा पनि राम्रा बनेका छौ र बनिरहने छौ! त्यसैले डबल विदेशी बच्चाहरूले टाढा भएर पनि एभररेडी बनेर उड्नको लागि निमित्त यस्ता विशेष बच्चाहरूलाई बापदादाले हृदयको हार बनाएर समाहित गर्नुहुन्छ। अच्छा!

कुमारीहरू त हौ नै कन्हैयाका। बस्, एक शब्द याद राख्नु– सबैमा एक– एकमत, एकरस, एक बाबा। यहाँका बच्चाहरूलाई पनि बापदादाले दिलैदेखि बधाई दिइरहनु भएको छ। जस्तो लक्ष्य राखेका छौ त्यस्तै लक्षण प्राक्टिकलमा ल्याएका छौ? बुझ्यौ? कसलाई भन्ने, कसलाई नभन्ने– सबैलाई भनिन्छ! (दादीलाई) जो निमत्त बनेका छन् तिनीहरूको ख्याल त रहन्छ नै। यही सहानुभूतिको निशानी हो। अच्छा।

मिटिङ्गमा आएका सबै भाइ - बहिनीहरूलाई बापदादाले स्टेजमा बोलाउनु भयो

सबैले बुद्धि राम्रो चलाएका छौ। बापदादाले हरेक बच्चाको सेवाको स्नेहलाई जान्नुहुन्छ। सेवामा अगाडि बढ्दा कहाँसम्म चारैतिर सफलता हुन्छ यसको लागि अलिकति सोच्नु र हेर्नु। बाँकी सेवाको लगन राम्रो छ। दिनरात नभनी सेवाको लागि दौडिन्छौ। बापदादाले त मेहनतलाई पनि मोहब्बतको रूपमा हेर्नुहुन्छ। मेहनत गरेका छैन, मोहब्बत देखाएका हौ। अच्छा। राम्रो उमंग-उत्साह भएका साथी मिलेका छन्। कार्य विशाल छ र दिल पनि विशाल छ त्यसैले जहाँ विशालता हुन्छ त्यहाँ सफलता हुन्छ नै। बापदादाले सबै बच्चाहरूको सेवाको लगनलाई देखेर सधैं खुशीको गीत गाउनुहुन्छ। कति पटक गीत सुनाइएको छ– "वाह बच्चाहरू वाह!" आउनमा कति रहस्य थियो, रहस्यलाई जान्नेहरू हौ नि! रहस्यलाई जान्यौ बाबालाई जान्यौ। (दादीले बापदादालाई भोग स्वीकार गराउनु भयो) आज दृष्टिद्वारा नै स्वीकार गर्नेछु। अच्छा!

सबैको बुद्धि धेरै राम्रोसँग चलिरहेको छ र एक अर्काको समीप आइरहेका छौ नि। त्यसैले सफलता अति समीप छ। समीपताले सफलतालाई समीप ल्याउँछ। थाकेका त छैनौ? धेरै काम मिलेको छ? तर आधा काम त बाबाले गर्नुहुन्छ। सबैको उमंग राम्रो छ। दृढता पनि छ नि! समीपता कति समीप छ? चुम्बक राख्यौ भने समीपताले सबैको गलामा माला पहिराउँछ। यस्तो अनुभव हुन्छ? अच्छा! सबै राम्रा भन्दा पनि राम्रा छौ।

दादीजीहरू प्रति उ च्चारित  अव्यक्त महावाक्यहरू:– (३१- ० ३-८८)

बाबाले बच्चाहरूलाई धन्यवाद दिनुहुन्छ, बच्चाहरूले बाबालाई। एक-अर्कालाई धन्यवाद दिँदै अगाडि बढिरहेका छौ र यही अगाडि बढ्ने विधि हो। यही विधिले तिम्रो संगठन राम्रो छ। एक-अर्कालाई 'हुन्छ हजुर' भन्यौ, 'धन्यवाद' भन्यौ र अगाडि बढ्यौ। यही विधिलाई सबैले अनुसरण गर्यौ भने फरिश्ता बन्छौ। बापदादा सानो मालालाई देखेर खुशी हुनुहुन्छ। अहिले कंगन बनेको छ, गलाको माला तयार भइरहेको छ। गलाको माला तयार गर्नमा लागिरहेका छौ। अब अटेन्शन दिनु पर्छ। धेरै सेवामा जान्छौ त्यसैले आफूमाथि अटेन्शन कतै न कतै कम हुन जान्छ। 'विस्तारमा' सार कहिलेकाहीं मर्ज हुन्छ, इमर्ज (प्रत्यक्ष) रूपमा रहँदैन। तिमीहरूले नै भन्छौ– अब यस्तो हुनुपर्छ। कुनै बेला यस्तो दिन पनि आउनेछ जुन बेला भन्नेछौ– जुन हुनु पर्ने हो त्यही भइरहेको छ। पहिला दीपकहरूको माला त यहीँ तयार हुन्छ। बापदादाले तिमीहरूलाई हरेकको उमंग-उत्साह बढाउनको लागि उदाहरण सम्झनुहुन्छ। तिम्रो एकता नै यज्ञको किल्ला हो। चाहे १० जना छौ वा १२ जना छौ तर यज्ञका किल्ला हौ। त्यसैले बापदादा कति खुशी हुनुहोला! बापदादा त हुँदै हुनुहुन्छ फेरि पनि निमित्त त तिमीहरू हौ। यस्तै संगठनको दोस्रो तेस्रो ग्रुप बन्यो भने कमाल हुन्छ। अब यस्तो ग्रुप तयार गर। जसरी पहिलो ग्रुपको लागि सबैले भन्छन्– यिनीहरूको आपसमा स्नेह छ। स्वभाव भिन्न-भिन्न छ, त्यो त हुन्छ नै तर 'रिगार्ड' छ, 'प्यार' छ, 'हुन्छ हजुर' भन्छौ र समयमा आफूले आफैंलाई मोल्ड गर्छौ, त्यसैले यो किल्ला मजबुत छ, त्यसैले त अगाडि बढिरहेका छौ। फाउण्डेशनलाई देखेर खुशी लाग्छ नि। जसरी यो सिजनको पहिलो फल देखिएको छ त्यसैगरी शक्तिशाली ग्रुप बन्यो भने सेवा त पछि-पछि आउनेछ। ड्रामामा विजयमाला निश्चित छ। त्यसैले अवश्य एक अर्कोको नजिक आउनेछौ, तब माला बन्छ। एउटा दाना एकाति र अर्को दाना पहिलो भन्दा पर भयो भने माला बन्दैन। दाना मिल्दै

जान्छन्, समीप आउँदै जान्छन् अनि माला तयार हुन्छ। त्यसैले एग्जाम्पल राम्रो होस्। अच्छा।

अब मिल्नेहरूको कोटा पूरा गर्नु छ। सुनाएको थिएँ नि– रथलाई पनि थप सकाश दिएर चलाइरहेको छु, नत्र साधारण कुरा होइन। हेर्न त सबै पर्यो नि। फेरि पनि सबै शिव शक्तिहरूको इनर्जी जम्मा छ, त्यसैले रथले पनि यति सहयोग दिइरहेको छ। शिव शक्तिहरू जम्मा नभएको भए यतिका सेवा मुश्किल हुन्थ्यो। ड्रामामा हरेक आत्माको यस्तो पनि पार्ट छ। जुन श्रेष्ठ कर्मको पुँजी जम्मा छ। समय आउँदा त्यो काममा आउँछ। कति आत्माहरूको आशीर्वाद मिल्छ, त्यो पनि जम्मा हुन्छ। कुनै न कुनै विशेष पुण्यको पुँजी जम्मा भएको कारणले यस आत्माको विशेष पार्ट छ। रथ निर्विघ्न चल्नु– यो पनि ड्रामाको पार्ट हो। ६ महिना कुनै कम कुरा होइन। अच्छा, सबैलाई राजी गर्नेछौ।

अव्यक्त मुरलीबाट चुनिएका केही अनमोल महावाक्यहरू (प्रश्न-उत्तर)

प्रश्नः– कुन एक शब्दको अर्थ स्वरूपमा स्थित हुनाले सर्व कमजोरीहरू समाप्त हुन्छन्?

उत्तरः– केवल पुरुषार्थी शब्दको अर्थ स्वरूपमा स्थित होऊ। पुरुष अर्थात् यो रथको रथी, प्रकृतिको मालिक। यही एक शब्दको अर्थ स्वरूपमा स्थित भयौ भने सर्व कमजोरीहरू समाप्त हुन्छन्। पुरुष प्रकृतिको अधिकारी हो न कि अधीन। रथीले रथलाई चलाउँछ न कि रथको अधिन हुन्छ।

प्रश्नः– आदिकालको राज्य अधिकारी बन्नको लागि कुनचाहिँ संस्कार अहिलेदेखि नै धारणा गर्नु छ?

उत्तरः– आफ्ना आदि र अविनाशी संस्कार अहिलेदेखि नै धारण गर। यदि धेरै समयसम्म योद्धापनको संस्कार रह्यो अर्थात् युद्ध गर्दै गर्दै समय बितायौ, आज जित भोलि हार हुन्छ। अहिले भर्खरै जित, अहिले भर्खरै हार हुन्छ र सदा विजयीपनको संस्कार बनेन भने क्षत्रिय भनिन्छ नकि ब्राह्मण। ब्राह्मण सो देवता बन्छन् क्षत्रियहरू क्षत्रियमा जान्छन्।

प्रश्नः– विश्व परिवर्तक बन्नु भन्दा पहिला कुनचाहिँ परिवर्तन गर्ने शक्ति चाहिन्छ?

उत्तरः– विश्व परिवर्तक बन्नु भन्दा पहिला आफ्ना संस्कार परिवर्तन गर्ने शक्ति चाहिन्छ। दृष्टि र वृत्तिको परिवर्तन हुनुपर्छ। तिमी द्रष्टा, यो दृष्टिद्वारा देख्नेवाला हौ। दिव्य नेत्रले हेर, न कि बाहिरी आँखाले। दिव्य नेत्रले हेर्यौ भने स्वत: दिव्य रूप नै देखिन्छ। बाहिरी आँखाले शरीर देख्छ, शरीरको लागि सोच्छ। यो काम फरिश्ता वा ब्राह्मणको होइन।

प्रश्नः– आपसमा भाइ बहिनीको सम्बन्ध हुँदा पनि कुन दिव्य नेत्रले हेर्यौ भने दृष्टि-वृत्ति कहिल्यै चञ्चल हुन सक्दैन?

उत्तरः– हरेक नारी शरीरधारी आत्मालाई शक्ति रूप, जगत माताको रूप, देवीको रूपमा हेर– यही हो दिव्य नेत्रले हेर्नु। शक्तिको अगाडि कोही आसुरी वृत्तिले आउँछ भने भस्म हुन्छ त्यसैले हाम्रा बहिनी वा टिचर होइनन्, शिवशक्ति हुन्। माताहरू र बहिनीहरू पनि सदा आफ्नो शिव शक्ति स्वरूपमा स्थित रहनुपर्छ। मेरो विशेष भाइ, विशेष स्टुडेण्ट होइन, ऊ महावीर हो र उनी शिव शक्ति हुन्।

प्रश्नः– महावीरको विशेषता के देखाउँछन्?

उत्तरः– तिनीहरूको दिलमा सदा एक राम रहन्छ। महावीर रामका हुन् भने शक्तिहरू पनि शिवका हुन्। कुनै पनि शरीरधारीलाई हेर्दा मस्तकमा आत्मालाई हेर। कुरा आत्मासँग गर्नु छ न कि शरीरसँग। दृष्टि नै मस्तक मणीमा जानु पर्छ।

प्रश्नः– कुन शब्दलाई अलबेलापनको रूपमा प्रयोग नगरेर बोल्दा एउटा सावधानी राख्नु छ र त्यो कुनचाहिँ शब्द हो?

उत्तरः– पुरुषार्थी शब्दलाई अलबेलापनको रूपमा प्रयोग नगरेर यही सावधानी राख– हरेक कुरामा दृढ संकल्पवान बन्नु छ। जे कर्म गर्नु परे पनि त्यो श्रेष्ठ कर्म नै गर्नु छ। श्रेष्ठ नै बन्नु छ।

वरदानः– विकारहरूको वंशको अंशलाई पनि समाप्त गर्ने सर्व समर्पण वा ट्रस्टी भव

जसले आइवेलको लागि वा चाहिएला भनेर पुरानो संस्कारको सम्पत्तिलाई राखेका हुन्छन्, त्यस्तालाई मायाले कुनै न कुनै रीतिले समात्छ। पुरानो रजिष्टरको सानो टुक्राले पनि समात्छ, माया धेरै तेज छ, त्यसको क्याचिङ् पावर कुनै कम छैन त्यसैले विकारका वंशको अंशलाई पनि समाप्त गर। अलिकति पनि कुनै कुनामा पुरानो खजानाको निशानी नहोस्– यसलाई भनिन्छ सर्व समर्पण, ट्रस्टी वा यज्ञ स्नेही, सहयोगी।

स्लोगनः– कसैको विशेषताको कारणले उसँग विशेष स्नेह हुनु– यो पनि लगाव हो।